# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) हेटौंडा, मकवानपुर, मंसिर १५ गते, २०७७ साल (सङ्ख्या १७

## भाग ३

प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना

### उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी (पहिलो संशोधन) कार्यविधि, २०७७

उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि संशोधन गर्न वाञ्छनीय भएकोले विनियोजन ऐन, २०७७ को दफा १० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "उत्पादन तथा रोजगारीका सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी (पहिलो संशोधन) कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७७ को दफा २ मा संशोधन**: उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७७ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा २ को,-

(१) खण्ड (घ) झिकिएको छ।

(२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "ऋण लगानी रकम" भन्नाले प्रदेश सरकारले ऋण लगानी प्रयोजनका लागि विनियोजन गरेको रकम सम्झनु पर्छ।"

३. **मूल कार्यविधिको दफा ९ मा संशोधन**: मूल कार्यविधिको दफा ९ को,-

(१) उपदफा (१) झिकिएको छ ।

(२) उपदफा (२) को "उपदफा (१) बमोजिमको खातामा" भन्ने शब्दहरू र अङ्क झिकिएको छ।

४. **मूल कार्यविधिको दफा १५ मा संशोधन**: मूल कार्यविधिको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

"**१५. ऋण लगानी रकमको व्यवस्थापन**: मन्त्रालयले बैंक तथा वित्तीय संस्थामा लगानी गरेको रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाले ऋण असुलीबाट प्राप्त रकम र मन्त्रालयबाट प्राप्त रकम मध्ये लगानी नभई बचत भएको रकम प्रत्येक वर्षको असार मसान्तमा प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।"

**आज्ञाले,**
**डण्डुराज घिमिरे**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-